आज मिति २०७७ साल चैत्र ६ गते शुक्रवारका दिन यस नगरपालिकाको नगर कार्यपालिकाको बैठक नगर प्रमुख श्री वैकुण्ठ न्यौपानेज्यूको अध्यक्षतामा बस्यो । बैठकको उपस्थिति तथा निर्णय देहाय बमोजिम रहेको छ ।

**उपस्थिति**

| | | |
|---|---|---|
| नगर प्रमुख | श्री वैकुण्ठ न्यौपाने | उपस्थित |
| उपप्रमुख | श्री मिरा जोशी | उपस्थित |
| वडाध्यक्ष वडा नं.१ | श्री खरसिं दरै | उपस्थित |
| वडाध्यक्ष वडा नं.२ | श्री काशीराम श्रेष्ठ | उपस्थित |
| वडाध्यक्ष वडा नं.३ | श्री प्रेमकुमार श्रेष्ठ | उपस्थित |
| वडाध्यक्ष वडा नं.४ | श्री विश्वराज न्यौपाने | उपस्थित |
| वडाध्यक्ष वडा नं.५ | श्री मोहनकुमार श्रेष्ठ | उपस्थित |
| वडाध्यक्ष वडा नं.६ | श्री सूर्यभक्त भण्डारी | उपस्थित |
| वडाध्यक्ष वडा नं.७ | श्री सतिशचन्द्र न्यौपाने | उपस्थित |
| वडाध्यक्ष वडा नं.८ | श्री ओजराज पौडेल | उपस्थित |
| वडाध्यक्ष वडा नं.९ | श्री सुरेश थापा | उपस्थित |
| वडाध्यक्ष वडा नं.१० | श्री तुलसीराम सापकोटा | उपस्थित |
| वडाध्यक्ष वडा नं.११ | श्री निरबहादुर खड्का | उपस्थित |
| वडाध्यक्ष वडा नं.१२ | श्री तोत्रबहादुर कुँवर | उपस्थित |
| वडाध्यक्ष वडा नं.१३ | श्री लेखबहादुर राना | उपस्थित |
| वडाध्यक्ष वडा नं.१४ | श्री काजीमान श्रेष्ठ | उपस्थित |
| कार्यकारीणी सदस्य | श्री तमबहादुर दरै | उपस्थित |
| ,, | श्री कल्पना पोखेल | उपस्थित |
| ,, | श्री चन्द्रमाया परियार | उपस्थित |
| ,, | श्री सुनसरी गुरुङ | उपस्थित |
| ,, | श्री अमृतबहादुर नेपाली | उपस्थित |
| ,, | श्री मधुमाया घर्ती | उपस्थित |
| ,, | श्री नरीमाया राना | उपस्थित |
| सचिव | श्री डिल्लीराम सिग्देल | उपस्थित |
| शाखा अधिकृत | श्री मेघनाथ आचार्य | उपस्थित |

प्रस्तावहरु

प्रस्ताव नं.१: नगरपालिका स्थापना दिवस मनाउने सम्बन्धमा ।
प्रस्ताव नं.२: स्मारिका प्रकाशन सम्बन्धमा ।
प्रस्ताव नं.३: विद्यालय व्यवस्थापन समिति गठन गर्ने सम्बन्धमा ।
प्रस्ताव नं.४: यस नगरपालिकाका विभिन्न महत्वपूर्ण स्थानहरुको डिजिटल नक्शा तयार गर्ने सम्बन्धमा ।
प्रस्ताव नं.५: प्राकृतिक स्रोत आय व्यवस्थापन कार्यविधि सम्बन्धमा ।
प्रस्ताव नं.६: कर्मचारी समायोजन सम्बन्धमा ।
प्रस्ताव नं.७: ग्रामिण, अर्धशहरी तथा शहरी क्षेत्र निर्धारण सम्बन्धमा ।
प्रस्ताव नं.८: प्रविधिमैत्री नमूना विद्यालय छनौट गर्ने सम्बन्धमा ।
प्रस्ताव नं.९: प्रारम्भिक वातावरणीय परीक्षण (IEE) प्रतिवेदन स्वीकृत गर्ने सम्बन्धमा ।
प्रस्ताव नं.१०: विद्यालय जनशक्ति व्यवस्थापन अनुदान सम्बन्धमा ।
प्रस्ताव नं.११: सम्झौता अनुमोदन सम्बन्धमा ।
प्रस्ताव नं.१२: पदपूर्ति समिति गठन गर्ने सम्बन्धमा ।
प्रस्ताव नं.१३: योजना परिवर्तन सम्बन्धमा ।
प्रस्ताव नं.१४: जग्गा बिक्रीको अनुमति प्रदान गर्ने सम्बन्धमा ।
प्रस्ताव नं.१५: पशु विकास तर्फको दुग्ध तथा मासु उत्पादन अनुदान रकम सम्बन्धमा ।
प्रस्ताव नं.१६: विभिन्न योजनामा रकम विनियोजन सम्बन्धमा ।
प्रस्ताव नं.१७: पञ्जिकरण सम्बन्धी एक चौमासिक खर्चको प्रतिवद्धता पत्र पठाउने सम्बन्धमा ।
प्रस्ताव नं.१८: स्वास्थ्य संस्था दर्ता तथा नवीकरण सम्बन्धमा ।
प्रस्ताव नं.१९: सहकारीको जग्गा बिक्री गर्ने सहमति सम्बन्धा ।
प्रस्ताव नं.२०: जिल्ला समन्वय समितिको माग सम्बन्धमा ।
प्रस्ताव नं.२१: विपद कार्य अन्तर्गत अग्नी नियन्त्रक साधन खरिद सम्बन्धमा ।
प्रस्ताव नं.२२: बहुउद्देश्यीय भवनको शौचालय मर्मत सम्बन्धमा ।
प्रस्ताव नं.२३: ठेक्का सम्झौता स्वीकृत सम्बन्धमा ।
प्रस्ताव नं.२४: नक्सापास प्रक्रिया रोक्का सम्बन्धमा ।

**निर्णयहरुः**

**निर्णय नं.१:** प्रस्ताव नं.१ का सम्बन्धमा छलफल हुँदा आगामी २०७७ चैत्र ३० गते यस नगरपालिकाको २९ औं स्थापना दिवस मनाउने र उक्त कार्यक्रमलाई सफल पार्न नगर प्रमुख श्री वैकुण्ठ न्यौपानेज्यूको अध्यक्षतामा देहाय बमोजिमका पदाधिकारीहरु रहने गरी ७ सदस्यीय निर्देशक/व्यवस्थापन समिति गठन गर्ने निर्णय गरियो ।

| | |
|---|---|
| -नगर प्रमुख श्री वैकुण्ठ न्यौपाने | – अध्यक्ष |
| -उप प्रमुख श्री मिरा जोशी | – सदस्य |
| -वडा अध्यक्ष श्री प्रेम कुमार श्रेष्ठ | – सदस्य |
| -वडा अध्यक्ष श्री विश्वराज न्यौपाने | – सदस्य |
| -कार्यपालिका सदस्य श्री तम बहादुर दरै | – सदस्य |
| -कार्यपालिका सदस्य श्री चन्द्रमाया परियार | – सदस्य |
| -प्रमुख प्रशासकीय अधिकृत श्री डिल्लीराम सिग्देल | – सदस्य सचिव |

**निर्णय नं.२:** प्रस्ताव नं.२ का सम्बन्धमा छलफल हुँदा आगामी २०७७ चैत्र ३० गते यस नगरपालिकाको २९ औं स्थापना दिवसको सन्दर्भमा यस नगरपालिकाले हासिल गरेको हालसम्मको उल्लेखनीय कार्यहरु समेट्ने गरी स्मारिका प्रकाशन गर्ने निर्णय गरियो । साथै सो स्मारिका प्रकाशनका लागि देहाय बमोजिमको प्रकाशन समिति गठन गरियो ।

-उपसचिव श्री नगेन्द्र प्रसाद रेग्मी –संयोजक

-वरिष्ठ आ.ले.प.अधिकृत श्री कुमार कंचन जि.सी. –सदस्य
-वरिष्ठ इन्जिनियर डा. राजु पौडेल –सदस्य
-वरिष्ठ अधिकृत श्री राजेन्द्र कार्की –सदस्य
-जनस्वास्थ्य अधिकृत श्री प्रमोत सोती –सदस्य
-लेखा अधिकृत श्री हेमन्त गुरुङ्ग –सदस्य
-शाखा अधिकृत श्री मेघनाथ आचार्य –सदस्य-सचिव

**निर्णय नं.३:** प्रस्ताव नं.३ का सम्बन्धमा छलफल हुँदा यस नगरपालिका अन्तर्गतका विभिन्न सामुदायिक तथा निजी विद्यालयका व्यवस्थापन समितिको म्याद यसै शैक्षिक सत्रसँगै समाप्त हुने हुँदा २०७८ जेष्ठ मसान्तभित्र वडा समितिको समन्वयमा आगामी ३ वर्षका लागि प्रचलित कानून बमोजिम व्यवस्थापन समिति गठन गर्ने व्यवस्था मिलाउन शिक्षा तथा सामाजिक विकास समितिलाई निर्देशन दिने र आ-आफ्नो वडाभित्रका विद्यालयहरुको व्यवस्थापन समिति गठन सम्बन्धी कार्यको अनुगमन गर्न सम्बन्धित वडाका वडा अध्यक्षहरुलाई जिम्मेवारी दिने निर्णय गरियो ।

**निर्णय नं.४:** प्रस्ताव नं.४ का सम्बन्धमा छलफल हुँदा यस नगरपालिकाको प्रविधिको उपयोगद्वारा युवा सहभागितामूलक नक्सांकन कार्य गर्न (शीर्षक नं.५४ बाट) "युवाका लागि शहर" (City For Youth) भन्ने अवधारणा बमोजिम यस नगरपालिकाका विभिन्न महत्वपूर्ण स्थानहरु समेटिने गरी डिजिटल नक्शा तयार गर्ने गरी पेश हुन आएको रू.४,४८,६१०। (चार लाख अड्चालीस हजार छ सय दश) को प्रस्ताव स्वीकृत गरी प्रस्तावक StoryCycle Pvt. Ltd सँग सम्झौता, समन्वय तथा साझेदारी गरी नक्साङ्कन सम्बन्धी कार्य अगाडि बढाउन कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

**निर्णय नं.५:** प्रस्ताव नं.५ का सम्बन्धमा छलफल हुँदा यस नगरपालिकालाई प्राप्त हुने विभिन्न प्राकृतिक स्रोतहरुको आयलाई व्यवस्थापन गर्न आवश्यक रहेको यस नगरपालिकाको प्राकृतिक स्रोत आय व्यवस्थापन कार्यविधि तयार गर्न यस नगरपालिकाको विधायन समितिलाई जिम्मेवारी दिने निर्णय गरियो ।

**निर्णय नं.६:** प्रस्ताव नं.६ का सम्बन्धमा छलफल हुँदा साविकमा विभिन्न स्थानीय निकायहरुबाट स्थायी नियुक्ति लिई हाल यस नगरपालिकामा कार्यरत तथा यस नगरपालिकाबाट स्थायी नियुक्ति लिई यस नगरपालिका मै कार्यरत सम्पूर्ण कर्मचारीहरुलाई योग्यता, सेवा अवधि तथा अनुभवका आधारमा यथोचित समायोजन गर्ने कार्यका लागि सो सम्बन्धमा बृहत रुपमा अध्ययन गरी १५ दिनभित्र सुझाव प्रतिवेदन पेश गर्ने गरी उपसचिव श्री नगेन्द्रप्रसाद रेग्मीको संयोजकत्वमा देहाय बमोजिमको अध्ययन एवं प्रस्ताव समिति गठन गर्ने निर्णय गरियो ।
-उपसचिव श्री नगेन्द्र प्रसाद रेग्मी – संयोजक
-जनस्वास्थ्य अधिकृत श्री प्रमोद सोती – सदस्य
-शाखा अधिकृत श्री रामचन्द्र ढकाल (जि.स.स.तनहुँ) – सदस्य

**निर्णय नं.७:** प्रस्ताव नं.७ का सम्बन्धमा छलफल हुँदा भूमिहिन दलित, भूमिहिन सुकुम्बासी र अव्यवस्थित बसोवासी सम्बन्धी कार्यविधि बमोजिम यस नगरपालिका क्षेत्र भित्रका भूमिहिन दलित, भूमिहिन सुकुम्बासी र अव्यवस्थित बसोवासीहरुको नाउँमा जग्गा वितरण एवं जग्गा दर्ता गर्ने प्रयोजनका लागि यस नगरपालिकाका विभिन्न वडाहरुको भौगोलिक अवस्था, जनसंख्या, यातायात पूर्वाधार लगायत अन्य विकासका सूचकहरुको आधारमा देहाय बमोजिम हुने गरी ग्रामिण क्षेत्र, शहर उन्मुख क्षेत्र तथा शहरी क्षेत्र निर्धारण गर्ने निर्णय गरियो ।

**-ग्रामिण क्षेत्र**

(क) वडा नं. १ को पृथ्वी राजमार्गदेखि दक्षिण धुप खोलादेखि पूर्व रतौली हुँदै जाने हुलाकी मार्गसँग जोडिने मार्गदेखि उत्तरतर्फको भाग ।

(ख) वडा नं.५ को पृथ्वी राजमार्ग, पाटन हुँदै तनहुँ विद्युत परियोजना जाने बाटो, सिन्धु मार्गसँग जोडिएका जग्गा बाहेक सम्पूर्ण भाग ।

(ग) वडा नं.६ सिन्धु मार्गसँग जोडिएको बाह्रबिसे क्षेत्र, शिशाघाटको बजार क्षेत्र बाहेकका सम्पूर्ण भाग ।
(घ) वडा नं.७ को व्यास मार्ग, कलेस्ती, गजौडे मार्गसँग जोडिएको जग्गा बाहेक सम्पूर्ण भाग ।
(ङ) वडा नं. ८ को सम्पूर्ण भाग ।
(च) वडा नं.९ को कलेस्ती गजौडे मार्गसँग जोडिएका जग्गा बाहेकको सम्पूर्ण भाग
(छ) वडा नं.१० को पराशर मार्ग र व्यास मार्गसँग जोडिएका जग्गा बाहेकको सम्पूर्ण भाग ।
(ज) वडा नं.११ को पराशर मार्गसँग जोडिएका जग्गा बाहेकको सम्पूर्ण भाग ।
(झ) वडा नं.१२ को पृथ्वी राजमार्गसँग जोडिएका जग्गा बाहेक सम्पूर्ण भाग
(ञ) वडा नं.१३ को सम्पूर्ण भाग
(ट) वडा नं.१४ को सम्पूर्ण भाग

**-शहर उन्मुख क्षेत्र,**

(क) वडा नं. ५ को तनहुँ विद्युत परियोजना जाने बाटोसँग जोडिएका जग्गाहरु, पृथ्वी राजमार्गसँग जोडिएका चापाघाट, कण्टार क्षेत्र र सिन्धु मार्गसँग जोडिएका जग्गाहरु ।
(ख) वडा नं.६ सिन्धु मार्गसँग जोडिएको बाह्रबिसे क्षेत्र र शिशाघाटको बजार क्षेत्र ।
(ग) वडा नं.७ को व्यास मार्ग, कलेस्ती गजौडे मार्गसँग जोडिएको जग्गाहरु ।
(घ) वडा नं.९ को कलेस्ती गजौडे मार्गसँग जोडिएको जग्गाहरु ।
(ङ) वडा नं.१० को पराशर मार्ग, व्यास मार्गसँग जोडिएका जग्गाहरु ।
(च) वडा नं.११ को पराशर मार्गसँग जोडिएका जग्गाहरु
(छ) वडा नं.१२ को पृथ्वी राजमार्गसँग जोडिएका जग्गाहरु

**-शहरी क्षेत्र**

(क) वडा नं.२, ३ र ४ का सम्पूर्ण जग्गाहरु ।
(ख) वडा नं.१ को ग्रामिण क्षेत्रमा परेका जग्गाहरु बाहेकका जग्गाहरु ।

**निर्णय नं.८:** प्रस्ताव नं.८ का सम्बन्धमा छलफल हुँदा यस नगरपालिका अन्तर्गत रहेका सम्पूर्ण विद्यालयहरुलाई क्रमश: प्रविधिमैत्री गराउँदै लैजाने उद्देश्यका साथ प्रथम चरणमा देहाय बमोजिमका विद्यालयहरु छनौट गरी प्रविधिमैत्री विद्यालय सहयोग कार्यक्रमहरु नं.५४ खर्च शीर्षकबाट तपसिल बमोजिमको रकम विनियोजन गर्ने निर्णय गरियो । साथै विनियोजित रकम विद्यालयको प्रविधिमैत्री कार्यक्रम अन्तर्गतको जनशक्ति व्यवस्थापन एवं पूर्वाधार व्यवस्थापनमा मात्र खर्च गर्ने गरी भुक्तानी गर्ने व्यवस्था मिलाउन शिक्षा तथा सामाजिक शाखालाई निर्देशन दिने निर्णय गरियो ।

| क.सं. | छनौट भएका विद्यालयको नाम | वडा | अनुदान रकम | कैफियत |
|---|---|---|---|---|
| १. | जलदेवी माध्यमिक विद्यालय | १ | १००,०००। | |
| २. | बालमन्दिर माध्यमिक विद्यालय | २ | १००,०००। | |
| ३. | महर्षि वेदव्यास संस्कृत मा.वि. | ३ | ७५,०००। | |
| ४. | मदर्शा अधारभूत विद्यालय | ४ | १००,०००। | |
| ५. | उदय माध्यमिक विद्यालय | ५ | १००,०००। | |
| ६. | महेन्द्र ज्योति माध्यमिक विद्यालय | ६ | १००,०००। | |
| ७. | क्यामिनकोट माध्यमिक विद्यालय | ७ | १००,०००। | |
| ८. | शहिद धर्म आधारभूत विद्यालय | ८ | ७५,०००। | |
| ९. | माहेन्द्री माध्यमिक विद्यालय | ९ | १००,०००। | |
| १०. | जनता आधारभूत विद्यालय | १० | ७५,०००। | |
| ११. | बाराही माध्यमिक विद्यालय | ११ | १००,०००। | |
| १२. | अमरज्योति माध्यमिक विद्यालय | १२ | १००,०००। | |
| १३. | गुदी आधारभूत विद्यालय | १३ | ७५,०००। | |

| | | | | |
|---|---|---|---|---|
| १४. | अमरज्योति आधारभूत विद्यालय | १४ | ७५,०००। | |
| | जम्मा | | १,२७५,०००। | |

**निर्णय नं.९:** प्रस्ताव नं.९ का सम्बन्धमा छलफल हुँदा यस नगरपालिकाको वडा नं. १० र ११ अन्तर्गत फराकचौर र आसपासका स्लेट/ढुङ्गा खानीहरुको प्रारम्भिक वातावरणीय परीक्षण (IEE) को दरभाउपत्र स्वीकृत प्राप्त श्री इन्टिग्रेटेड डेभलपमेन्ट एण्ड म्यानेजमेन्ट प्रा.लि.द्वारा तयार भई पेश हुन आएको प्रारम्भिक वातावरणीय (IEE) परीक्षणको प्रतिवेदन स्वीकृत गर्ने निर्णय गरियो ।

**निर्णय नं.१०:** प्रस्ताव नं.१० का सम्बन्धमा छलफल हुँदा विद्यार्थी संख्या तथा शिक्षक दरबन्दीको उपलब्धताका आधारमा देहाय बमोजिमका विद्यालयहरुलाई जनशक्ति व्यवस्थापनका लागि तपशिल बमोजिमको सशर्त बजेटबाट एकमुष्ट अनुदान उपलब्ध गराउने निर्णय गरियो ।

| क.सं. | छनौट भएका विद्यालयको नाम | वडा | अनुदान रकम | कैफियत |
|---|---|---|---|---|
| १. | इन्दु माध्यमिक विद्यालय | ६ | ३६०,०००। | |
| २. | शिव माध्यमिक विद्यालय | १० | १८०,०००। | |
| ३. | अमरसिं माध्यमिक विद्यालय | ११ | १८०,०००। | |
| ४. | सर्वज्योति माध्यमिक विद्यालय | १० | १८०,०००। | |
| ५. | शिवपाञ्चायन माध्यमिक विद्यालय | ३ | १८०,०००। | |

**निर्णय नं.११:** प्रस्ताव नं.११ का सम्बन्धमा छलफल हुँदा यस नगरपालिकाको जग्गा विकास आयोजनाको आयोजना इकाई कार्यालयको प्रयोजनको लागि २०७७ चैत्र १ गतेदेखि लागू हुने गरी मासिक रू.१५,०००।- पन्ध्र हजार (सम्पूर्ण करहरु तथा पानी, बिजुली महशुल समेत) भाडा तिर्ने गरी व्यास १० बैरेनी स्थित श्री कल्याणकारी बचत तथा ऋण सहकारी संस्थासँग कार्यालयले गरेको घर भाडा सम्बन्धी सम्झौता अनुमोदन गर्ने निर्णय गरियो ।

**निर्णय नं.१२:** प्रस्ताव नं.१२ का सम्बन्धमा छलफल हुँदा यस नगरपालिकाद्वारा मिति २०७७।१२।४ गते प्रकाशित पदपूर्ति सम्बन्धी सूचना बमोजिमका आर्टिटेक्ट तथा कृषि अधिकृत पदको पदपूर्तिका लागि देहाय बमोजिमको पदपूर्ति समिति गठन गर्ने निर्णय गरियो ।

-प्रमुख प्रशासकीय अधिकृत श्री डिल्लीराम सिग्देल – संयोजक
-बरिष्ठ इन्जिनियर डा. राजु पौडेल – सदस्य
-वरिष्ठ अधिकृत श्री राजेन्द्र कार्की – सदस्य
-कम्प्युटर अधिकृत श्री गोकर्णराज वाग्ले – सदस्य
-शाखा अधिकृत श्री मेघनाथ आचार्य – सदस्य-सचिव

**निर्णय नं.१३:** प्रस्ताव नं.१३ का सम्बन्धमा छलफल हुँदा व्यास नगरपालिका वडा नं.११ का लागि प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत स्वीकृत देहाय बमोजिमका २ वटा योजनाहरु विविध कारणले सञ्चालन हुन नसक्ने व्यहोरा सहित सम्बन्धित वडा कार्यालयबाट योजना परिवर्तनका लागि सिफारिस भई आएकोले देहाय बमोजिम हुने गरी योजना परिवर्तन गर्ने निर्णय गरियो ।

| क.सं. | साविकको योजना | रकम | परिवर्तित योजना | रकम |
|---|---|---|---|---|
| १. | रामथुम्की पार्क निर्माण योजना | ३ लाख | मुलपानी, चमेरे गुफा भगवतीपानी पदमार्गको सिंढी बाटो निर्माण एवं चौतारी निर्माण योजना | ६ लाख |
| २. | रानीगाउँ बाटो निर्माण योजना | ३ लाख | | |

**निर्णय नं.१४:** प्रस्ताव नं.१४ का सम्बन्धमा छलफल हुँदा व्यास नगरपालिका वडा नं.५ चिन्तुटार स्थित श्री चिन्तुटार दुग्ध उत्पादक सहकारी संस्था लिमिटेडद्वारा संस्थाको नाउँमा रहेको जग्गा मध्ये केही जग्गा

बिक्री गर्नको लागि अनुमति माग भएकोमा उक्त सहकारी संस्थाको विधान र प्रचलित कानून बमोजिम हुने गरी जग्गा बिक्रीको लागि अनुमति प्रदान गर्ने निर्णय गरियो ।

**निर्णय नं.१५:** प्रस्ताव नं.१५ का सम्बन्धमा छलफल हुँदा यस नगरपालिका क्षेत्रभित्र उत्पादन हुने दुध तथा खसी बोकाहरुको मासुमा दिइने अनुदानका लागि विभिन्न सहकारीहरुद्वारा पेश हुन आएको आवेदन बमोजिम सम्बन्धित वडा र आर्थिक विकास समितिबाट सिफारिस भई आए अनुसार देहायका संस्थाहरुलाई देहाय बमोजिम प्रथम चौमासिक वापतको रकम एकमुष्ठ अनुदान उपलब्ध गराउने निर्णय गरियो ।

आ.व.२०७७।०७८ को दुग्ध उत्पादक सहकारी संस्थाहरुको प्रथम चौमासिक (श्रावण-कार्तिक) को दुध संकलन विवरण: (खर्च शीर्षक ७१ बजेट रकम रु.१५,००,०००।)

| सि. नं. | संस्थाको नाम | ठेगाना | नाम र सम्पर्क नं. | दुध संकलन प्रथम चौमासिक (लिटर) | अनुदान रकम |
|---|---|---|---|---|---|
| १. | दुम्सी दुग्ध उत्पादक सहकारी संस्था | व्यास १० | श्री तुलसीराम सुवेदी ९८५६०७४९६४ | १७४,८५८।०१ | रु.१७४,८५८।०१ |
| 2 | वेलबास दुग्ध उप्पादक सहकारी संस्था | व्यास १३ | श्री लक्ष्मीकान्त मिश्र ९८४६४०२४८८ | १३२,२६९।८२ | रु.१३२,२६९।८२ |
| 3 | सेवर दुग्ध उत्पादक सहकारी संस्था | व्यास १० | श्री यामबहादुर कुंवर ९८५६०६००९३ | ४३,७९८। | रु.४३,७९८। |
| 4 | चिन्तुटार दुग्ध उत्पादक सहकारी संस्था | व्यास ५ | श्री हिरा बहादुर सापकोटा ९८४६१७९७०४ | ५८,८२८। | रु.५८,८२८। |
| | जम्मा | | | ४०९,७५३।८९ | रु.४०९,७५३।८९ |

आ.व.२०७७।०७८ को खसी/बोकाको मासु उत्पादक सहकारी संस्थाहरुको प्रथम चौमासिक (श्रावण-कार्तिक) संकलन विवरण: (खर्च शीर्षक ७० बजेट रकम रु.१५,००,०००।)

| सि. नं. | संस्थाको नाम | ठेगाना | नाम र सम्पर्क नं. | खसीबोका संकलन प्रथम चौमासिक ( के.जी.) | अनुदान रकम |
|---|---|---|---|---|---|
| 1 | शुभदिप सामाजिक उद्यमी महिला सहकारी संस्था | व्यास ८ | श्री संगिता पौडेल ९८६६००३०१३ | ९६९०.४० | रु.९६९०४। |
| 2 | आधारशीला सामाजिक उद्यमी महिला सहकारी संस्था | व्यास १२ | श्री विद्या खनाल ९८०४१६७८६४ | २११५.०० | रु.२१,१५०। |
| 3 | गाउँवेशी कृषि सहकारी संस्था लि. | व्यास १३ | श्री ईश्वर तिवारी ९८४१६५८४२९ | ३८७५.०० | रु.३८,७५०। |
| | | | जम्मा | १५६८०।४० | रु.१५६,८०४। |

**निर्णय नं.१६:** प्रस्ताव नं.१६ का सम्बन्धमा छलफल हुँदा देहाय बमोजिमका आधारभूत एवं अत्यावश्यक प्रकृतिका कार्यक्रम तथा योजनाहरुमा देहाय बमोजिम रकम विनियोजन गर्ने निर्णय गरियो ।

| सि.नं. | कार्यक्रम तथा योजनाको नाम | वडा | विनियोजित रकम | खर्च शीर्षक |
|---|---|---|---|---|
| १. | व्यास युवा समाज खेलकुद सामग्री खरिद | ३ | २००,०००। | ३९ |

| | | | | |
|---|---|---|---|---|
| २. | प्रधान अध्यापक अध्ययन भ्रमण | | २००,०००। | ५४ |
| ३. | नारेश्वर ताल जग्गा खरीद थप रकम | ११ | २००,०००। | १५२ |
| ४. | मालपोत कार्यालय निर्माण/मर्मत | ३ | २००,०००। | १५२ |
| ५. | जनसेवा प्रा.वि. कम्पाउण्ड निर्माण | २ | ३५०,०००। | १४२ |
| ६. | महिला सशक्तिकरण नारी दिवस | २ | ५०,०००। | ७२ |
| ७. | बाबुराम लम्साल कृषि फार्म इनार निर्माण | ८ | ३५,०००। | १२२ |
| ८. | चिन्तुटार लिफ्ट सिंचाई मोटर खरिद | ५ | १००,०००। | १२२ |
| ९. | गल्वुवेशी खानेपानी पाइप खरिद भादगाउँ खा.पा. | १ | ४०,५९८। | १२२ |
| १० | देवेन्द्र माझी ड्रागन खेती संरक्षण | ११ | ७५,०००। | १२७ |
| ११ | भार्लाङ खोल्सी निकास पक्की नाला निर्माण | ५ | ३००,०००। | १२७ |
| १२ | दुम्दुमेश्वर मन्दिर सरसफाई र रंग रोगन | १० | १५,०००। | ७४ |
| १३. | कृष्णपुरी आमा समूह भवनको गेट तथा झ्यालमा ग्रिल निर्माण | ४ | ६०,०००। | १४६ |
| १४. | जौवारी सामुदायिक होमस्टे सहयोग | ९ | ४०,०००। | ८० |
| १५. | इशानेश्वर शिवालय मन्दिर रंग रोगन सरसफाई | १० | २०,०००। | ७४ |
| १६. | कुसुमे चोकदेखि पक्की पुलसम्म नाला निर्माण थप | ९ | ५०,०००। | १२७ |
| १७. | स्वास्थ्य शिविर (स्त्रीरोग) सहयोग सुनौलो नयाँ गोरेटो | ९ | ७५,०००। | ६८ |
| १८. | भूवनराज पौडेल अनुसन्धान सहयोग | ८ | ५०,०००। | ४३ |
| १९. | निर्मला स्मृति कप अन्तर्गत फुटवल प्रतियोगिता | १ | ४०,०००। | ३९ |
| २०. | पराशर आश्रम संरक्षण जग्गा सम्याउने समेत | ५ | ५००,०००। | १४५ |
| २१. | बसाहस्थान टोल विकास संस्था भलिवल प्रतियोगिता खेलकुद कार्यक्रम | ९ | ४०,०००। | ३९ |
| २२. | अनन्त व्यास कर्म गुफा सरसफाई एवं पूंजा | १० | २५,०००। | ७४ |
| २३. | तनहुँशुर पर्यटन सम्पदा तथा वातावरण मेला सहयोग | ११ | १५०,०००। | ७४ |
| २४ | गोमा पण्डित घर संरक्षण | ५ | २५,०००। | विपद् |
| २५ | नेपाल वितरक महासंघ राष्ट्रिय सभा | ३ | ५०,०००। | ३६ |
| २६ | भड्खाला मजुवा खानेपानी पाइप खरिद | १२ | २२,०००। | १२२ |
| २७. | बाँसपानी सिन्धु मोटर मार्ग वडा बजेटमा थप (शीर्षक ३१२ मा थप) | ६ | १००,०००। | १२७ |
| २८ | बरादी खोला हुँदै स्याम्घा कृषि मार्ग | ६ | १५०,०००। | १२७ |

| | | | | |
|---|---|---|---|---|
| २९ | इन्फास्ट्रक्चर एग्रिकल्चर सिंचाई मर्मत | १० | ३०,०००। | १२२ |
| ३० | शान्ता खड्का घर आगन संरक्षण | ११ | २०,०००। | विपद् |
| ३१. | निर्वुबराहा खोला मन्दिर संरक्षण जाली खरिद | ११ | ३५,०००। | ७४ |
| ३२. | सरस्वती आमा समूह भवन छाना गाह्रो मर्मत र विद्युत वायरिङ | ६ | ७५,०००। | १४६ |
| ३३. | गौ संरक्षण तथा प्राङ्गारिक मल उत्पादन क्षेत्र ट्रस भवन | १० | ५००,०००। | ८९५ |
| ३४. | श्रीचौर खानेपानी विस्तार मर्मत पाइप खरिद | ७ | ३००,०००। | १२२ |
| ३५ | वडा कार्यालय फर्निचर खरिद | ९ | ५००,०००। | १५२ |
| ३६ | दमौली केशवटार मोटर मार्ग | १४ | १,०००,०००। | १०८ |
| ३७ | छाब्दी शहरी स्वास्थ्य भवन अधुरो निर्माण | १३ | ५००,०००। | ८९४ |
| ३८. | घाँसीकुवा स्वास्थ्यचौकी सेवा कार्यालय छिर्कन भवन निर्माण थप | १२ | ११०,०००। | ८९४ |

**निर्णय नं.१७:** प्रस्ताव नं.१७ का सम्बन्धमा छलफल हुँदा गृह मन्त्रालय पञ्जिकरण विभाग तर्फको अनुदान रकमबाट तलव भत्ता पाउने गरी नियुक्ति पाएका एम.आई.एस. अप्रेटर तथा फिल्ड सहायक गरी ३ जना कर्मचारीहरुद्वारा सम्पादित हुदै आएको पञ्जिकरण (घटना दर्ता) सम्बन्धी कार्यको सम्वेदनशीलतालाई मध्यनजर गरी यस कार्यालयको आवश्यकता बमोजिम उल्लेखित जनशक्तिहरुको सेवाको निरन्तरताका लागि पञ्जिकरण विभागको मापदण्ड बमोजिम वर्षमा एक चौमासिक अवधिमा खर्च हुन आउने तलव भत्ता वापतको रकम यस नगरपालिकाले व्यहोर्ने गरी प्रतिवद्धता पत्र सम्बन्धित निकायमा पठाउने निर्णय गरियो ।

**निर्णय नं.१८:** प्रस्ताव नं.१८ का सम्बन्धमा छलफल हुँदा यस नगरपालिका क्षेत्रभित्र स्वास्थ्य संस्था दर्ता तथा नवीकरणका लागि आवेदन पेश गर्ने देहाय बमोजिमका स्वास्थ्य संस्थाहरुको दर्ता तथा नवीकरणका लागि स्वास्थ्य तथा जनसंख्या शाखाबाट सिफारिस भई आए बमोजिम यस नगरपालिकाको "व्यास नगरपालिकामा स्वास्थ्य संस्था दर्ता अनुमति तथा नवीकरण निर्देशिका २०७६" बमोजिम हुने गरी दर्ता तथा नवीकरण गर्न कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

**(क) नयाँ स्वास्थ्य संस्था दर्ता अनुमति प्रदान हुने संस्थाहरु:**

| क.सं. | स्वास्थ्य संस्थाको नाम | स्वास्थ्य संस्थाको ठेगाना | स्वास्थ्य संस्था धनीको नाम | स्वास्थ्य संस्था धनीको ठेगाना | कैफियत |
|---|---|---|---|---|---|
| १. | श्रेया फार्मेसी | व्यास २, दमौली | श्यामकुमार श्रेष्ठ | साविक वर भञ्ज्याङ्ग ६, तनहुँ | स्वीकृत मिति १ बर्षपछि नविकरण गर्ने गरी |
| २. | भरोसा डेन्टल क्लिनिक | व्यास २, गणेश मान चोक दमौली | नरेन्द्रराज शर्मा | | स्वीकृत मिति १ वर्षपछि नवीकरण गर्ने गरी |

**(ख) स्वास्थ्य संस्था नवीकरण हुने संस्थाहरु:**

| क.सं. | स्वास्थ्य संस्थाको नाम | स्वास्थ्य संस्थाको ठेगाना | स्वास्थ्य संस्था धनीको नाम | नवीकरण अवधि | कैफियत |
|---|---|---|---|---|---|
| १. | भण्डारी हेल्थ क्लिनिक | व्यास २, दमौली | वेणीमाधव भण्डारी | २०७७/०२/२९ देखि २०७८/०२/२८ सम्म | |
| २. | मित्रता स्वास्थ्य | व्यास ३, | चन्द्रबहादुर चौधरी | २०७७/०७/०३ देखि | |

| | | | | | |
|---|---|---|---|---|---|
| | क्लिनिक | दमौली | | २०७८/०७/०२ सम्म | |
| ३. | विकास प्याथालोजी | व्यास २, दमौली | यमबहादुर थापा मगर | २०७७/०६/०४ देखि २०७८/०६/०२ सम्म | |
| ४. | सिन्धु प्याथालोजी | व्यास २, दमौली | राजेन्द्रभक्त पण्डित | २०७७/०२/२९ देखि २०७८/०२/२८ सम्म | |

**निर्णय नं.१९**: प्रस्ताव नं.१९ का सम्बन्धमा छलफल हुँदा व्यास ५ चिन्टुटार स्थित दुग्ध उत्पादक सहकारी संस्था लिमिटेडको साविक स्याम्घा नक्सा नं.६/भ, कि.नं.४५२ को क्षेत्रफल ०-५-०-० दोयम पाखो कित्ता १ र ऐ. ६/भ कि.नं.८२९ को ०-९-०-० दोयम पाखो कित्ता १ समेत २ कित्ता भएकोमा संस्थाको साधारण सभाको निर्णय अनुसार कि.नं.४५२ बिक्री गर्न आवश्यक भएको भनी सहमति माग भएकोमा सहमति प्रदान गर्ने निर्णय गरियो ।

**निर्णय नं.२०**: प्रस्ताव नं.२० का सम्बन्धमा छलफल हुँदा जिल्ला समन्वय समितिको पटक पटक भएको निर्णयानुसार ढुंगा, गिटी वालुवा सम्बन्धी आय मध्येबाट १ प्रतिशत रकम अनुगमन, प्रशिक्षण, अनुभव आदान प्रदान समेतमा खर्च गर्न जिल्ला समन्वय समितिलाई तनहुँका सबै स्थानीय तहबाट रकम उपलब्ध गराउन माग भई आएकोले हाललाई रु.३,००,०००। (तीन लाख) प्राकृतिक श्रोत आय मध्येबाटै उपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय नं.२१**: प्रस्ताव नं.२१ का सम्बन्धमा छलफल हुँदा यस नगरपालिका अन्तर्गतका वडा कार्यालय, मूल कार्यालय समेतमा अग्नी नियन्त्रक साधन तयारी अवस्थामा राख्नुपर्ने देखिंदा ३,००,०००। (तीन लाख) भित्र रहने गरी 4 Kg. ABC Stored Pressure Type Fire Extinguisher Brand SFFECO Dubai UAE खरिद गरी वडा कार्यालयहरुमा २/२ थान र बाँकी केन्द्र कार्यालयमा राख्ने निर्णय गरियो ।

**निर्णय नं.२२**: प्रस्ताव नं.२२ का सम्बन्धमा छलफल हुँदा यस नगरपालिकाको बहुउद्देश्यीय भवनमा रहेको सार्वजनिक शौचालयमा हाल रहेको कमोडलाई हटाई प्यान राख्नुपर्ने र भुंई तलामा रहेको शौचालयमा पानी जम्न गई दूर्गन्ध फैलन गएको हुँदा सोको दीर्घकालीन समाधान गर्नका लागि प्राविधिक लागत इष्टिमेट तयार गरी कार्य अगाडि बढाउने निर्णय गरियो ।

**निर्णय नं.२३**: प्रस्ताव नं.२३ का सम्बन्धमा छलफल हुँदा चालु आर्थिक वर्षमा तपशिलमा उल्लेखित खरिद कार्यको लागि प्रकाशित बोलपत्र सम्बन्धी सूचना अनुसार कार्यालयमा दर्ता हुन आएको तपशिलमा उल्लेखित फर्मको बोलपत्र स्वीकृतको लागि मूल्यांकन समितिबाट सिफारिस भई आएकोले मूल्यांकन समितिको सिफारिस बमोजिम ठेक्का स्वीकृत गरी खरिद प्रक्रिया अगाडि बढाउने निर्णय गरियो ।
तपशिल

| सि. नं | योजनाको नाम | ठेक्का नं | फर्मको नाम | कबोल रकम (मु.अ. कर र कन्टिजेन्सी बाहेक) |
|---|---|---|---|---|
| १. | 4WD Hard Top Jeep खरिद | (ठेक्का नं. ४१/mun/२०७७।०७८) | श्री बतास ब्रदर्श प्रा.लि. नयाँ बजार पोखरा | रु.४८,११,९४६।९० |

**निर्णय नं.२४**: प्रस्ताव नं.२४ का सम्बन्धमा छलफल हुँदा व्यास नगरपालिका वडा नं.१० बैरेनीमा नगरपालिकाद्वारा सञ्चालन गर्न लागिएको एकीकृत जग्गा विकास आयोजना अन्तर्गत प्रथम चरणमा पूर्वमा व्यास मार्गबाट ५० मिटर भित्र, पश्चिममा मादी नदी किनार डिल, उत्तरमा बोटेनी खोला र दक्षिणमा बोटे सङग्रालय जाने बाटोमा पर्ने लगभग २६० रोपनी जग्गा भित्र अर्को सूचना प्रकाशन नभएसम्म कुनैपनि किसिमको संरचनाको नक्शापास गर्ने प्रकृयालाई रोक्का राख्ने निर्णय गरियो ।